काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : ३२४ ❐ शनिवार, २० भदौ, २०८३ ❐ Saturday, 5 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

जीवित भेटिएपछि जाग्यो आशा सुरूङमा बेपत्ता भएकाको खोजी जारी

आयोजनाका सुरुङमा लेदो, ढुंगा र पानीले पुरिएपछि नेपाली सेना, सशस्त्र प्रहरी, प्राविधिक तथा विशेषज्ञ टोलीले उपकरण र प्रविधिको प्रयोग गरी खोजी जारी राखेका छन् ।

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १९ भदौ

भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीको एघारौं दिनसम्म पनि रसुवा र नुवाकोटका जलविद्युत् आयोजनामा सम्पर्कविहीन कर्मचारी तथा श्रमिकको खोजी कार्य कठिन बनेको छ । बाढीले विभिन्न जलविद्युत् आयोजनाका सुरुङ, भूमिगत विद्युत्गृह, कार्यालय, आवास तथा पहुँचमार्गमा क्षति पुऱ्याएपछि ठूलो संख्यामा कर्मचारी तथा श्रमिक सम्पर्कविहीन भएका हुन् ।

तर खोजीका क्रममा नुवाकोटस्थित माथिल्लो त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनाको सुरुङबाट १० दिनपछि दुई कर्मचारीलाई जीवितै उद्धार गरिएपछि उद्धारमा खटिएका टोली र बेपत्ता व्यक्तिका परिवारमा नयाँ आशा पलाएको छ ।

शुक्रबार नेपाल विद्युत् प्राधिकरणका मेकानिकल फोरम्यान सञ्जय शाह र मेकानिकल सुपरभाइजर कबीर महर्जनलाई सुरुङबाट जीवितै उद्धार गरिएको हो । उद्धार गरिएका दुवै जनाको स्वास्थ्य अवस्था सामान्य रहेको र काठमाडौंको छाउनीस्थित वीरेन्द्र अस्पतालको आईसीयूमा उपचार भइरहेको छ ।

उनीहरूको जीवितै उद्धार भए पनि सोही सुरुङबाट एक जनाको शव फेला परेको छ । आयोजनाका प्रमुख आवास ओझाका अनुसार बाँकी पृष्ठ ४



ढुंगा र लेदो पन्छाउँदै सुरुङभित्र खोजी

त्रिशूली-३ 'ए' मा नेपाली सेनासहित ९३ जनाको संयुक्त उद्धार टोली परिचालन गरिएको छ । टोलीले सुरुङको आउटलेटमा थुप्रिएको लेदो, बालुवा र ढुंगा हटाउँदै खोजी गरिरहेको छ । पाँचवटा एस्काभेटर, कम्प्रेसर र ब्रेकरको प्रयोग गरी टोली सुरुङभित्र करिब ३० मिटर प्रवेश गरेको छ । सुरुङभित्र ठूलो ढुंगा भेटिएपछि ब्लास्टिङ गरी बाटो खोल्ने कामसमेत भइरहेको छ । जमेको पानी, माटो र ढुंगा हटाउँदै सुरुङभित्र प्रवेश गर्ने बाटो बनाइँदैछ । तर बाढीले ल्याएको लेदो र संरचनामा थुप्रिएको ढुंगाका कारण सुरुङभित्रको खोजी जोखिमपूर्ण बनेको छ ।

त्रिशूली–३ 'बी' मा भारी उपकरण पुऱ्याउनै समस्या

निर्माणाधीन माथिल्लो त्रिशूली-३ 'बी' जलविद्युत् आयोजनामा भने उद्धार टोलीलाई घटनास्थलसम्म पुऱ्याउनै ठूलो चुनौती देखिएको छ । बाढीले आयोजनासम्म पुग्ने पहुँचमार्ग ध्वस्त पारेपछि अहिले एस्काभेटर प्रयोग गरेर बाटो खोल्ने काम भइरहेको छ ।

आयोजनाका अनुसार यहाँ १९१ जना सम्पर्कविहीन छन् । तीमध्ये फेवा कन्स्ट्रक्सनका १४१, त्रिशूली जलविद्युत् कम्पनीका २१, कर्मचारीका परिवारका सात, चेस्का इन्जिनियरिङका १२, एक सुरक्षा गार्ड र काठमाडौं विश्वविद्यालयबाट इन्टर्नसिपका लागि पुगेका तीन जना रहेका छन् ।

तीनवटा एस्काभेटरबाट बाटो खोल्ने काम भइरहेको भए पनि साना मेसिनले अपेक्षित गतिमा काम गर्न सकेका छैनन् । ठूलो एस्काभेटर घटनास्थलसम्म पुऱ्याउन डाँडा काट्ने काम भइरहेको छ । त्यो सम्भव नभए ठूलो मेसिनलाई टुक्र्याएर घटनास्थलमा पुऱ्याई पुनः जडान गर्ने विकल्पमा समेत छलफल भइरहेको छ ।

लाङटाङमा शव भेटिए, खोजी जारी

रसुवाको लाङटाङ खोला जलविद्युत् आयोजनाको सुरुङबाट दुई शव फेला परिसकेका छन् ।

नेपाली सेनासहित २५ जनाको संयुक्त टोलीले सुरुङभित्र करिब २०० मिटरसम्म प्रवेश गरी थप खोजी गरिरहेको छ ।

सुरुङका विभिन्न भागमा साना होल बनाएर क्यामरा तथा अन्य उपकरणको सहायतामा अवस्था बुझ्ने प्रयास भइरहेको छ ।

आयोजनाका अधिकारीहरूले बाढीले पुऱ्याएको क्षति सामान्य बाढीको भन्दा निकै भयावह रहेको बताएका छन् ।

उनीहरूका अनुसार सुरुङभित्र पानीको बहाव, ढुंगा, माटो र लेदोका कारण उद्धार टोलीलाई अघि बढ्न कठिन भइरहेको छ ।

घटनाले जलविद्युत् आयोजनाको जोखिम मूल्यांकन, डिजाइन तथा आपत्कालीन उद्धार प्रणालीलाई पुनः समीक्षा गर्नुपर्ने आवश्यकता देखाएको छ ।

भोटेकोशी बाढीमा मृत्यु हुनेको संख्या झण्डै १३ सय पुग्यो

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १९ भदौ

रसुवा बाढीमा परी हालसम्म १ हजार २९४ जनाको मृत्यु भएको पुष्टि भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले शुक्रबार साँझ पत्रकार सम्मेलन गरी बाढीमा मृत्यु भएका १ हजार २९४ जनाको शव प्राप्त भएको जनाएको हो ।

प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार बाढीमा ५ हजार ५३ जना बेपत्ता छन् भने हालसम्म १३ हजार ९५ जनाको उद्धार गरिएको छ ।

रसुवा, नुवाकोट र धादिङका ३७ वटा होल्डिङ सेन्टरमा ४ हजार ६२७ जना आश्रय लिएर बसेका छन् । प्रारम्भिक विवरणअनुसार बाढीबाट ७ हजार ५७० घर पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् भने ३२ हजार ९३३ जना प्रत्यक्ष प्रभावित भएका छन् ।

बाढीबाट ४८ सरकारी संरचना, १८ विद्यालय र ७ स्वास्थ्य संस्थामा क्षति पुगेको छ । त्यस्तै ५५ किलोमिटर सडक पूर्ण रूपमा क्षतिग्रस्त हुनुका साथै ३७ मोटरेबल र ६८ झोलुङ्गे पुलमा क्षति पुगेको प्राधिकरणले जनाएको छ ।

बाढीका कारण १ हजार ८०६ हेक्टर कृषियोग्य जमिन नष्ट हुँदा ७ हजार ६८६ मेट्रिक टन खाद्यान्न उत्पादन घट्ने प्रारम्भिक आकलन गरिएको छ ।

त्यस्तै ३ जलविद्युत् आयोजना, १ सोलार प्लान्ट र २ प्रसारण लाइनमा क्षति पुगेका कारण ७८३ मेगावाट विद्युत् उत्पादन प्रभावित भएको प्राधिकरणले जनाएको छ ।

मङ्गलगढी चोकमा काँक्रेविहार विशेषज्ञ पोलिक्लिनिक सञ्चालनमा

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १९ भदौ

वीरेन्द्रनगर नगरपालिका-६, मङ्गलगढी चोकमा काँक्रेविहार विशेषज्ञ पोलिक्लिनिक एण्ड डायग्नोस्टिक सेन्टर आजदेखि औपचारिक रूपमा सञ्चालनमा आएको छ ।



नागरिकलाई सहज, गुणस्तरीय र विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले सञ्चालनमा ल्याइएको पोलिक्लिनिकमा विभिन्न विधाका विशेषज्ञ चिकित्सकसहित स्वास्थ्य परीक्षण तथा डायग्नोस्टिक सेवा उपलब्ध हुने जनाइएको छ ।

पोलिक्लिनिकमा वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. कृतिका थापा, डा. शिक्षा आचार्य, वरिष्ठ फिजिसियन डा. कुलराज शाही, वरिष्ठ हाडजोर्नी विशेषज्ञ डा. तेजेन्द्र साउद, वरिष्ठ बालरोग विशेषज्ञ डा. महेश चौलागाईं र डा. केशव अधिकारी, वरिष्ठ रेडियोलोजिस्ट डा. अमित कुमार ठाकुर, वरिष्ठ जनरल सर्जन डा. प्रकाशन राई तथा एम.एस. जनरल सर्जरी डा. अशोक कुमार रोकायालगायत चिकित्सकहरू आबद्ध छन्।

पोलिक्लिनिकमा विभिन्न रोगको विशेषज्ञ परामर्शसँगै आवश्यक स्वास्थ्य परीक्षण तथा डायग्नोस्टिक सेवा उपलब्ध हुने छन् । नयाँ स्वास्थ्य संस्था सञ्चालनमा आएसँगै सुर्खेत तथा कर्णाली प्रदेशका नागरिकलाई विशेषज्ञ स्वास्थ्य सेवा लिन बाहिर जानू पर्ने छैन् ।

काँक्रेविहार विशेषज्ञ पोलिक्लिनिक एण्ड डायग्नोस्टिक सेन्टरले स्वास्थ्य सेवा सहज, भरपर्दो र गुणस्तरीय बनाउने लक्ष्यसहित विशेषज्ञ चिकित्सक तथा आधुनिक स्वास्थ्य परीक्षण सेवामार्फत नागरिकलाई सेवा प्रदान गर्ने जनाएको छ ।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा राहत दाखिला गर्ने बढ्दै

❐ काँक्रेविहार संवाददाता
कठमाडौं, १९ भदौ

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा राहत दाखिला गर्ने दाताहरुको सङ्ख्या बढ्दै गएको छ । भोटेकोशी बाढीपीडितलाई राहत, उद्धार तथा पुनःस्थापना गर्न दाताहरुले राहत कोषमा रकम दाखिला गर्ने क्रम बढ्दै गएको हो ।

गुल्मी : भोटेकोशी बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि गुल्मीका स्थानीय तहले रु एक करोड ४७ लाख ४३ हजार ४३ सहयोग गर्ने निर्णय गरेका छन् ।

जिल्लाका १० स्थानीय तहले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम जम्मा गर्ने निर्णय गरेका हुन् । बाढीबाट ठुलो जनधनको क्षति भएपछि प्रभावित नागरिकप्रति ऐक्यबद्धता जनाउँदै स्थानीय तहले आफ्ना कोष तथा जनप्रतिनिधि, कर्मचारी र शिक्षकको पारिश्रमिकबाट रकम जुटाएर सहयोग गर्ने निर्णय गरेको बताएका छन् ।

सत्यवती गाउँपालिकाले रु ३० लाख ६८ हजार ३९१, इस्मा गाउँपालिकाले रु २१ लाख एक हजार ६९६, रुरु क्षेत्र गाउँपालिकाले रु २६ लाख ७५ हजार र कालीगण्डकी गाउँपालिकाले रु १९ लाख ५५ हजार १५६ सहयोग गर्ने भएका हुन् ।

चन्द्रकोट गाउँपालिकाले रु १४ लाख, धुर्कोट गाउँपालिकाले रु १३ लाख ३७ हजार, रेसुङ्गा नगरपालिकाले रु १० लाख, गुल्मी दरबार गाउँपालिकाले रु पाँच लाख, मदाने गाउँपालिकाले रु चार लाख पाँच हजार ८०० र मालिका गाउँपालिकाले रु तीन लाख सहयोग गर्ने निर्णय गरेका हुन् ।

सुनसरी : बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानले भोटेकोशी बाढीपीडितका लागि रु ३७ लाख दुई हजार सहयोग गरेको छ ।

प्रतिष्ठानका पदाधिकारी, शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थी तथा पूर्वकर्मचारी (पेन्सनर) ले एक दिन बराबरको पारिश्रमिक, भत्ता तथा पेन्सन सहयोग स्वरूप रकम उपलब्ध गराएको प्रमुख मोहनकुमार राईले जानकारी दिए ।

विराटनगर : विराट ग्रुप, विराट नगरले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु ७२ लाख दाखिला गरेको छ ।

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकको राहत तथा उद्धार बाँकी पृष्ठ ३

साहित्य

आँसु पुछ्दै शिक्षक बन्ने सपना



✍ निर्मला कुमारी शाही

गाउँको एउटा शान्त कुनामा माटोले लिपिएको सानो घर थियो । घर वरिपरि हरियाली थियो, नजिकै सानो खोला बग्थ्यो र बिहानपख चराहरूको चिरबिर आवाजले वातावरण रमाइलो बनाउँथ्यो । बाहिरबाट हेर्दा त्यो घर अरू घरजस्तै सामान्य देखिन्थ्यो । तर त्यही घरभित्र एउटा यस्तो कथा हुर्किरहेको थियो, जुन कसैले सजिलै देख्न सक्दैनथ्यो । त्यो घरकी जेठी छोरी थिई–निर्मला ।

निर्मला सामान्य परिवारकी छोरी थिई । उसका आँखामा भने असामान्य ठूलो सपना थियो । ऊ भविष्यमा शिक्षक बन्न चाहन्थी ।विद्यालयमा शिक्षकहरूलाई पढाउँदै गरेको देख्दा निर्मला धेरै बेर उनीहरूलाई नियालेर हेर्थी । शिक्षकको हातमा चक हुन्थ्यो, अगाडि कालोपाटी हुन्थ्यो र वरिपरि विद्यार्थीका उत्सुक अनुहारहरू हुन्थे । त्यो दृश्यले उसको मनमा एउटा सपना जन्माएको थियो ।

'एक दिन म पनि यही ठाउँमा उभिएर विद्यार्थीलाई पढाउनेछु ।' त्यसपछि उसले आफ्नो सपना मनमै सजाएर राखी । तर जीवनले उसका सपनालाई सजिलो बाटो भने दिएको थिएन । घरको अवस्था निर्मलाकी आमा मेहनती र सहनशील महिला थिइन् । बिहानदेखि रातिसम्म घरको काममा व्यस्त रहन्थिन् । घरको अवस्था कमजोर भएकाले सानो आवश्यकता पूरा गर्न पनि धेरै सोच्नुपर्थ्यो । आमाको अनुहारमा थकान देखिन्थ्यो । निर्मला त्यो थकान बुझ्थी ।

घरमा कहिलेकाहीं आर्थिक समस्याका कारण तनाव बढ्थ्यो । बुबाबाट परिवारले चाहेजस्तो साथ र हेरचाह सधैं पाउन सकेको थिएन । आमाले धेरै कुरा चुपचाप सहनुपर्थ्यो ।

निर्मला आमाको आँखामा आँसु देख्थी । तर आमाले छोरीलाई देख्नेबित्तिकै आँसु पुछेर मुस्कुराउने प्रयास गर्थिन् ।"केही भएको छैन छोरी," आमा भन्थिन् । निर्मला बुझ्थी–आमा झुट बोलिरहेकी छन् । केही त भएको थियो । धेरै कुरा भएको थियो । तर आमाले छोरीलाई दुःखी बनाउन चाहँदिनथिन् । एक दिन निर्मलाले आमाको हात समातेर भनिन् "आमा, तपाईं धेरै दुःखी नहुनुस् । म ठूलो भएपछि तपाईंलाई खुसी बनाउँछु ।" आमाले छोरीलाई हेरेर लामो सास फेरिन् । "तँ आफ्नो पढाइ पूरा गर् छोरी । तेरो भविष्य राम्रो भयो भने मेरो दुःख आफैं कम हुन्छ ।" त्यो दिनदेखि निर्मलाका लागि पढाइ केवल पढाइ रहेन । त्यो आमाको आँखामा खुसी फर्काउने बाटो बन्यो । जेठी छोरी हुनु निर्मला परिवारकी जेठी छोरी थिई । जेठी छोरी भएपछि उमेरभन्दा पहिले नै जिम्मेवारी बुझ्नुपर्ने रहेछ भन्ने कुरा उसले बिस्तारै सिक्दै गएकी थिई । भाइबहिनीको पढाइ हेर्नु, घरको काममा आमालाई सहयोग गर्नु, खाना पकाउन सघाउनु, पानी ल्याउनु, घर सफा गर्नु–उसको दिन यिनै कामबाट बित्थ्यो । कहिलेकाहीं ऊ किताब खोलेर पढ्न बस्दै हुन्थी । त्यत्तिकैमा भाइको आवाज आउँथ्यो– "दिदी, यो हिसाब मिलाइदिनुस् न ।"

ऊ आफ्नो किताब बन्द गर्थी । बहिनी आउँथी– "दिदी, भोलि विद्यालय जान के लगाउने?" ऊ उसको लुगा निकालिदिन्थी । आमाले बोलाउनुहुन्थ्यो– "निर्मला, अलिकति यो काम गरिदे न ।" "हुन्छ आमा ।" ऊ फेरि उठ्थी । यसरी उसको आफ्नै पढ्ने समय कहिलेकाहीं हराएर जान्थ्यो । तर ऊ गुनासो गर्दिनथी । उसलाई थाहा थियो–उसको परिवारलाई उसको आवश्यकता थियो । र पनि, राति सबै सुतेपछि ऊ आफ्नो किताब बोकेर फेरि बस्ने गर्थी । सानो बत्तीको उज्यालोमा ऊ पढ्थी ।

आँखा निदाउन खोज्थे । शरीर थाकेको हुन्थ्यो । तर सपना जागिरहेको हुन्थ्यो । शिक्षक बन्ने सपना । बुबाको निर्णय एक दिन साँझ बुबाले निर्मलालाई बोलाउनुभयो । "निर्मला, यता आऊ ।" निर्मला नजिक गई । बुबाले केही बेर चुप लागेर भने– "अब तिमीलाई धेरै पढाउन गाह्रो हुन्छ ।" निर्मला चुप भई । "घरको अवस्था तिमीले देखेकै छौ । पढाइमा धेरै खर्च हुन्छ । बरु कोरियन भाषा पढ । पछि केही काम गर्ने बाटो होला ।" बुबाका शब्दहरू निर्मलाको कानमा मात्रै परेनन्, सीधै उसको मनमा पुगे । उसले केही बोल्न सकिन । उसको आँखामा एउटै सपना थियो–शिक्षक बन्ने । तर आज त्यही सपना र घरको बाध्यताबीच ऊ उभिएकी थिई । "तर बुबा..." उसले बिस्तारै भनी, "म शिक्षक बन्न चाहन्छु ।"

बुबाले गम्भीर हुँदै भन्नुभयो– "सपना मात्र देखेर हुँदैन छोरी । घरको अवस्था पनि हेर्नुपर्छ ।" निर्मला मौन भई । बुबाको कुरा गलत थियो भनेर उसले भन्न सकिन । तर आफ्नो सपना गलत हो भनेर पनि स्वीकार्न सकिन । त्यो रात ऊ धेरै बेरसम्म सुत्न सकिन । झ्यालबाहिर आकाशमा ताराहरू चम्किरहेका थिए ।

उसले मनमनै सोचिन् 'के गरिबीका कारण मेरो सपना पनि गरिब हुनुपर्छ?' उसको आँखाबाट आँसु झर्‍यो । उसले आँसु पुछी । किताब खोली । अनि आफैंसँग भनी– "म प्रयास गर्न छोड्दिनँ ।" आमाको पीडा निर्मला आफ्नो दुःखभन्दा आमाको दुःखमा बढी दुख्थी । घरमा तनाव हुँदा आमा चुप लागेर बस्नुहुन्थ्यो । कहिलेकाहीं उहाँको आँखामा आँसु हुन्थ्यो, तर उहाँ कसैलाई देखाउन चाहनुहुन्थ्यो । निर्मला आमाको छेउमा बस्थी ।

"आमा..." आमाले उसको अनुहार हेर्नुभयो । "के भयो छोरी?" "तपाईं किन यति दुःखी हुनुहुन्छ?" आमाले केही बेर केही बोल्न सकिनन् । पछि भनिन् "जीवनमा सबै कुरा आफूले चाहे जस्तो कहाँ हुन्छ र छोरी?" निर्मला आमाको काखमा टाउको राखेर बसिन् । त्यो क्षण उसले एउटा निर्णय गरिन्– "म आमाको जीवन परिवर्तन गर्न नसके पनि, उहाँको दुःखमा एउटा आशा बन्नेछु ।" त्यसपछि निर्मला अझ मेहनत गर्न थाली । पढाइ र संघर्ष निर्मलाको पढाइको बाटो सजिलो थिएन । कहिले कलेजको शुल्कको चिन्ता हुन्थ्यो । कहिले किताब किन्न समस्या पर्थ्यो । कहिले घरको कामले पढ्ने समय पुग्दैनथ्यो । कहिलेकाहीं उसलाई लाग्थ्यो–'अब म सक्दिनँ ।' तर त्यसैबेला आमाको अनुहार सम्झिन्थी ।

भाइबहिनीको भविष्य सम्झिन्थी । आफ्नो सपना सम्झिन्थी । अनि फेरि उठ्थी । उसले बुझेकी थिई– थाक्नु हार्नु होइन । हार त तब हो, जब मानिसले प्रयास गर्न छोड्छ । निर्मला थाक्थी, तर रोकिँदिनथी ।रुँथी, तर फेरि किताब खोल्थी । निराश हुन्थी, तर आफ्नो सपना छोड्दिनथी ।

एउटा अवसर

एक दिन कलेजमा शिक्षकले घोषणा गर्नुभयो– "मेहनत गर्ने र आर्थिक रूपमा कमजोर विद्यार्थीका लागि छात्रवृत्तिको अवसर आएको छ ।" निर्मलाको कान ठाडो भयो । उसले तुरुन्तै छात्रवृत्तिका लागि आवेदन दिई । त्यसपछि उसले पहिलेभन्दा धेरै मेहनत गर्न थाली । दिनमा घरको काम । कलेजमा पढाइ । रातमा आफ्ना किताब । समय कम थियो । तर इच्छा ठूलो थियो । परीक्षाको दिन आयो । निर्मलाले आफूले जानेको सबै कुरा लेखी । नतिजाको दिन ऊ डराउँदै कलेज पुगिन् ।

सूचनापाटीमा विद्यार्थीहरूको नाम टाँसिएको थियो । उसले आफ्नो नाम खोजी । एक पटक, दुई पटक-अन्ततः उसको आँखाले एउटा नाम भेट्यो–

"निर्मला..." उसको मुटु खुसीले भरियो । उसले छात्रवृत्ति पाएकी थिई । उसका आँखामा आँसु आए । तर यो पटक ती आँसु दुःखका थिएनन् । ती खुसीका आँसु थिए । आमाको मुस्कान निर्मला घर पुगेर सीधै आमाकहाँ गई ।

"आमा!" आमा फर्केर हेर्नुभयो । निर्मलाले केही बोल्नुअघि नै आमालाई अँगालो हालिन् । "के भयो छोरी?" "आमा, मैले छात्रवृत्ति पाएँ ।" आमा केही क्षण मौन रहिन् । त्यसपछि उनको आँखाबाट आँसु झर्‍यो । तर त्यो आँसुमा वर्षौंपछि खुसी मिसिएको थियो । "मैले भनेकी थिएँ नि छोरी, तँ सक्छेस् ।" निर्मला पनि रोई । "आमा, म अझै धेरै पढ्छु ।" "पढ् छोरी ।" "म शिक्षक बन्छु ।" आमाले उनको टाउकोमा हात राखिन् ।"बन्छेस् । अवश्य बन्छेस् ।" बुबासँगको संवाद केही समयपछि बुबाले पनि निर्मलाको पढाइमा आएको परिवर्तन देख्नुभयो । उहाँले बुझ्न थाल्नुभयो–छोरी केवल सपना देखिरहेकी छैन, सपना पूरा गर्न संघर्ष पनि गरिरहेकी छ ।

एक दिन बुबाले सोध्नुभयो– "तिमीलाई अझै शिक्षक नै बन्ने इच्छा छ?" निर्मलाले मुस्कुराउँदै भनिन् "छ बुबा ।" बुबा केही बेर चुप लाग्नुभयो ।

"मैले तिमीलाई कोरियन पढ्न भनेको घरको अवस्था सम्झेर हो । तिम्रो सपना रोक्न चाहेर होइन ।" निर्मलाले बुबाको कुरा सुनिन् । उसले बुबाप्रति कुनै रिस राख्न चाहिन । उसलाई थाहा थियो– परिवारको अवस्था कठिन थियो र सबै मानिसले आफ्नो दुःख आफ्नै तरिकाले बोकेका हुन्छन् । "बुबा," निर्मलाले भनिन्, "म तपाईंको कुरा बुझ्छु । तर मलाई मेरो सपना पूरा गर्ने मौका दिनुस् ।"

बुबाले छोरीलाई हेर्नुभयो । पहिलो पटक उहाँको आँखामा निर्मलाप्रति गर्व देखिन्थ्यो । "मेहनत गर छोरी ।"

त्यो एउटा वाक्य निर्मलाका लागि ठूलो आशीर्वाद थियो । सपना पूरा हुने दिन समय बित्दै गयो । निर्मलाले आफ्नो पढाइ जारी राखी । उसले धेरै कठिन दिनहरू देखी । कहिलेकाहीं थाकी । कहिलेकाहीं रोई । कहिलेकाहीं आफ्नो निर्णय सही हो कि होइन भनेर पनि सोचिन् ।

तर हरेकपटक उसले आफूलाई सम्झाए"म शिक्षक बन्न चाहन्छु । किनकि मैले आफैं दुःख भोगेर पढाइको मूल्य बुझेकी छु ।" अन्ततः त्यो दिन आयो, जुन दिन निर्मला पहिलो पटक विद्यालयको कक्षाकोठामा शिक्षिकाको रूपमा उभिई ।

उसको हातमा चक थियो । अगाडि विद्यार्थीहरू थिए । उसले कालोपाटीमा पहिलो अक्षर लेखी । केही क्षण उसले त्यो अक्षरलाई हेरिरही । उसलाई आफ्नो पुरानो विद्यालय सम्झियो । सानो छोरी भएर शिक्षक बनेर खेल्ने दिनहरू सम्झिइन् । राति टुकीको उज्यालोमा पढेका दिनहरू सम्झिइन् । आमाका आँसु सम्झिइन् । बुबाले "पढाउन गाह्रो हुन्छ" भनेको दिन सम्झिइन् । कोरियन पढ्न भनिएको दिन सम्झिइन् । छात्रवृत्ति पाएको दिन सम्झिइन् । उसको आँखामा फेरि आँसु आयो । तर उसले मुस्कुराउँदै आँसु पुछी । अनि विद्यार्थीहरूतिर फर्केर भनी– "बच्चाहरू, पढाइ केवल किताबका अक्षरहरू होइनन् । पढाइ भनेको आफ्नो जीवन बदल्ने शक्ति हो ।"

कक्षाकोठा शान्त थियो । सबै विद्यार्थीले ध्यान दिएर सुनिरहेका थिए । निर्मलाले मनमनै आमालाई सम्झी । "आमा, तपाईंको छोरीले सपना पूरा गरी ।" एउटा नयाँ यात्रा शिक्षक बनेपछि निर्मला केवल आफ्नै जीवन परिवर्तन गर्न चाहन्थी । उसले आफूजस्तै आर्थिक कठिनाइमा रहेका विद्यार्थीहरूलाई बुझ्न चाहन्थी । उसले आफ्ना विद्यार्थीलाई सधैं भन्थी– "तपाईंको घरको अवस्था जस्तो भए पनि तपाईंको सपना सानो हुनुपर्दैन ।" कुनै विद्यार्थीले किताब किन्न नसकेको थाहा पाए ऊ आफ्नै तर्फबाट सहयोग गर्थी । कुनै विद्यार्थी निराश भएको देखे ऊ उसको कुरा सुन्थी । किनकि उसलाई थाहा थियो–गरिबीले मानिसको हात रोक्न सक्छ, तर सपनालाई रोक्नैपर्छ भन्ने छैन । एक दिन एउटा सानी छात्राले निर्मलालाई सोधी– "म्याम, तपाईं सानैदेखि शिक्षक बन्न चाहनुहुन्थ्यो?" निर्मला मुस्कुराई । "हो ।" "सजिलै बन्नुभयो?" निर्मला केही बेर मौन भई । त्यसपछि भनिन् "सजिलै होइन ।" "अनि कसरी बन्नुभयो?" निर्मलाले कालोपाटीतिर हेरी । "आँसु पुछ्दै, फेरि उठ्दै र हार नमान्दै ।" त्यो जवाफ सुनेर विद्यार्थीहरू चुप भए । निर्मलाले फेरि भनिन् "जीवनमा सबैले तपाईंको सपना बुझ्छन् भन्ने छैन । कहिलेकाहीं आफ्नै मानिसले पनि तपाईंको सपना पूरा गर्न गाह्रो हुन्छ भनेर भन्न सक्छन् । तर यदि तपाईंले आफ्नो सपना किन देख्नुभएको हो भन्ने कुरा बुझ्नुभयो भने, कठिनाइले तपाईंलाई रोक्न सक्दैन ।"

आमाको सबैभन्दा ठूलो खुसी केही वर्षपछि निर्मलाले आमालाई आफ्नो विद्यालयमा बोलाई । आमा विद्यालयको गेटबाट भित्र पस्दा निर्मला टाढैबाट दौडेर आइन् । "आमा!" आमाले छोरीलाई शिक्षककको पोसाकमा देखिन् ।

उनका आँखाहरू रसाए । "मेरी छोरी..." निर्मलाले आमाको हात समाती । "आमा, तपाईं बस्नुस् । आज तपाईंले मेरो कक्षा हेर्नुपर्छ ।" आमा पछाडिको कुर्सीमा बसिन् । निर्मला कक्षाकोठाको अगाडि उभिइन् । उनले विद्यार्थीलाई पढाउन थालिन् । आमाले छोरीलाई हेरिरहिन् । कुनै समय घरको दुःखले आँसु लुकाउने छोरी आज अरूका छोराछोरीलाई भविष्यको बाटो देखाइरहेकी थिई । आमाका आँखाबाट आँसु झर्‍यो । तर आज ती आँसु पीडाका थिएनन् । ती गर्वका आँसु थिए । कक्षा सकिएपछि आमा निर्मलाको नजिक आइन् । "छोरी, आज मेरो सबै दुःख सानो भयो ।"

एक छोरीको संघर्ष



✍ पुष्पा सिंह

सुर्खेतको एउटा शान्त गाउँ । वरिपरि हरिया डाँडाकाँडा, टाढासम्म फैलिएका खेतबारी, बिहानैदेखि सुनिने चराचुरुङ्गीको चिरबिर र साँझपख घर फर्किने मानिसहरूको चहलपहलले गाउँलाई आफ्नै सुन्दरता दिएको थियो । प्रकृतिको काखमा बसेको त्यो गाउँ सुन्दर भए पनि त्यहाँ बस्ने धेरै परिवारको जीवन भने संघर्षले भरिएको थियो ।

त्यही गाउँको एउटा सामान्य घरमा जन्मिएकी थिइन्–पुष्पा । पुष्पा घरकी जेठी छोरी थिइन् । परिवार ठूलो थियो, तर आम्दानीको स्रोत सानो । बुबा कहिले मजदुरी गर्नुहुन्थ्यो, कहिले अरूको खेतबारीमा काम गर्नुहुन्थ्यो । आमाको दिन घरायसी काम, खेतबारी र छोराछोरीको हेरचाहमै बित्थ्यो । सानै उमेरदेखि पुष्पाले घरको अवस्था बुझ्न थालेकी थिइन् । अरू बालबालिका खेलिरहेका बेला उनी आमालाई घरको काममा सघाउँथिन् । बिहान पानी ल्याउने, भाइबहिनीलाई विद्यालयका लागि तयार पार्ने, घर सफा गर्ने र त्यसपछि आफ्नो झोला बोकेर विद्यालय जाने उनको दैनिकी थियो ।

थकान भए पनि उनको आँखामा एउटा छुट्टै चमक थियो–पढेर केही बन्ने सपना । विद्यालय पुग्दा उनी सबै कुरा बिर्सन्थिन् । किताबका अक्षरहरूमा उनलाई आफ्नो भविष्य देखिन्थ्यो । शिक्षकले पढाएका कुरा ध्यान दिएर सुन्थिन् र मनमनै सोच्थिन्– "एक दिन म पनि आफ्नो परिवारको अवस्था बदल्नेछु ।" तर सपना देख्न जति सजिलो थियो, त्यसलाई पूरा गर्ने बाटो त्यति नै कठिन ।

कहिलेकाहीं विद्यालयको शुल्क तिर्न पैसा हुँदैनथ्यो । कापी सकिन्थ्यो । कलम किन्नसमेत सोच्नुपर्ने अवस्था आउँथ्यो । यस्तो बेलामा पुष्पा चुपचाप आफ्नो समस्या लुकाएर पढाइमा ध्यान दिन्थिन् । एक दिन विद्यालयबाट फर्किँदा उनले आफ्नी आमालाई आँगनमा थकित भएर बसिरहेको देखिन् । आमाको अनुहारमा थकान स्पष्ट देखिन्थ्यो ।

पुष्पा नजिकै गएर बसिन् । "आमा, धेरै थाक्नुभयो?" आमाले हल्का मुस्कान दिँदै भनिन्, "काम त हो नि छोरी, बानी परिसक्यो ।" पुष्पाले आमाको अनुहार हेरिरहिन् । उनलाई लाग्यो–आफूले पढ्न पाएको हरेक अवसरका पछाडि परिवारको ठूलो त्याग छ । त्यस दिन उनले मनमनै एउटा संकल्प गरिन्– "जति कठिन भए पनि म पढाइ छोड्दिनँ ।" समय बित्दै गयो । पढाइसँगै घरको जिम्मेवारी पनि बढ्दै गयो । भाइबहिनीहरू ठूला हुँदै थिए । उनीहरूको पढाइ, घरखर्च र अन्य आवश्यकताले परिवारमा आर्थिक दबाब बढिरहेको थियो । कहिलेकाहीं पुष्पालाई लाग्थ्यो–"के मैले पनि पढाइ छोडेर काम गर्नुपर्छ?" तर फेरि उनको मनले भन्थ्यो– "यदि मैले पनि हार मानें भने मेरो सपना कसले पूरा गर्छ?" त्यसैले उनी बिहानदेखि रातिसम्म मेहनत गर्थिन् । घरको काम सकेर पढ्थिन् । निद्रा लाग्दा अनुहारमा पानी छर्किन्थिन् र फेरि किताब खोल्थिन् ।

उनको संघर्ष कसैलाई देखिँदैनथ्यो । विद्यालयमा साथीहरू हाँसिरहेका हुन्थे, उनी भने आफ्नो भविष्यबारे सोचिरहेकी हुन्थिन् । परीक्षाको दिन नजिकिँदै थियो । घरको काम, पढाइ र जिम्मेवारी सबै एकैपटक सम्हाल्नुपर्थ्यो । तर पुष्पाले आफ्नो लक्ष्यलाई कमजोर हुन दिइनन् । अन्ततः परीक्षाको नतिजा आयो । पुष्पा राम्रो अंकसहित उत्तीर्ण भइन् ।

उनको आँखामा आँसु भरिए । त्यो आँसु दुःखको थिएन । त्यो वर्षौंदेखि बोकेको संघर्षमाथिको पहिलो सानो विजय थियो । उनले प्रमाणपत्र हातमा लिँदै मनमनै भनिन् "यो मेरो मात्र सफलता होइन, मेरो परिवारले गरेको त्यागको परिणाम हो ।" त्यसपछि पुष्पाको यात्रा अझ कठिन मोडतिर गयो । उच्च शिक्षा पढ्न गाउँभन्दा बाहिर जानुपर्ने भयो । खर्चको समस्या फेरि अगाडि आयो ।

धेरैले उनलाई भने– "छोरी मान्छेले यति धेरै पढेर के गर्छौं?" पुष्पा केही बोलिनन् । उनले केवल मुस्कुराउँदै आफ्नो बाटो समातिन् । किनकि उनलाई थाहा थियो–अरूले बनाएको सीमाभित्र बसेर आफ्नो सपना पूरा गर्न सकिँदैन । उनी पढ्दै गइन्, संघर्ष गर्दै गइन् र हरेक कठिनाइलाई आफ्नो सिकाइ बनाउँदै गइन् । कहिले आर्थिक अभावले रोक्न खोज्यो, कहिले परिस्थितिले । कहिले आफ्नै मन कमजोर भयो । तर हरेकपटक उनले आफूलाई सम्झाइन्–"म हार्नका लागि जन्मेकी होइन । म आफ्नो भविष्य बनाउनका लागि हिँडिरहेकी छु ।"

वर्षौंको मेहनतपछि पुष्पा आफ्नो खुट्टामा उभिन सफल भइन् । उनको सफलता देखेर परिवारको आँखामा खुसीका आँसु आए । उनले आफ्नो सफलतालाई अन्तिम गन्तव्य ठानिनन् । बरु आफूजस्तै संघर्ष गरिरहेका भाइबहिनी र गाउँका अन्य छोरीहरूलाई पनि अघि बढ्न प्रेरित गर्न थालिन् । एक दिन गाउँकै एउटी सानी बहिनीले उनलाई सोधी– "दिदी, तपाईंले यति धेरै दुःख कसरी सहनुभयो?" पुष्पा केही बेर चुप लागिन् । त्यसपछि मुस्कुराउँदै भनिन्–"दुःखले मलाई रोक्न खोज्यो, तर मेरो सपनाले मलाई अघि बढ्न सिकायो ।" साँझको समयमा पुष्पा गाउँको डाँडामाथि उभिएर टाढा हेर्दै थिइन् । सूर्य विस्तारै अस्ताउँदै थियो । आकाश सुनौलो हुँदै थियो । उनले पछाडि फर्केर आफ्नो पुरानो घरतिर हेरिन् ।

त्यही घर, जहाँबाट उनको संघर्ष सुरु भएको थियो । त्यही आँगन, जहाँ उनले बाल्यकाल बिताएकी थिइन् । त्यही बाटो, जहाँबाट उनी किताब बोकेर विद्यालय जाने गर्थिन् । आज उनी त्यही बाटोमा सफलताको अनुभव बोकेर उभिएकी थिइन् । पुष्पाले महसुस गरिन्–जीवनमा संघर्ष कहिल्यै व्यर्थ हुँदैन रहेछ । हरेक आँसु, हरेक असफलता, हरेक अभाव र हरेक रातको मेहनतले मानिसलाई अझ बलियो बनाउँदो रहेछ । उनको कथा केवल एउटी छोरीको कथा थिएन ।

यो त ती हजारौं छोरीहरूको कथा थियो, जो परिवारको जिम्मेवारी बोकेर पनि आफ्नो सपना देख्छन्; अभावसँग लडेर पनि पढ्न चाहन्छन्; समाजका प्रश्नहरू सहेर पनि आफ्नो अस्तित्व बनाउन चाहन्छन् । पुष्पाको जीवनले एउटा कुरा प्रमाणित गर्‍यो–परिस्थिति कमजोर हुन सक्छ, तर सपना कमजोर हुनु हुँदैन । र साँच्चै, एक छोरीको संघर्ष केवल उसको व्यक्तिगत संघर्ष होइन रहेछ; त्यो परिवार, समाज र भविष्य बदल्ने यात्राको सुरुवात पनि रहेछ ।

सल्यानमा भाइरल ज्वरोको प्रकोप



❐ काँक्रेविहार संवाददाता
सल्यान, १९ भदौ

मौसम परिवर्तन र निरन्तर वर्षासँगै सल्यानमा ज्वरोका बिरामीको संख्या ह्वात्तै बढेको छ। जिल्लाका विभिन्न स्वास्थ्य संस्थामा उपचारका लागि आउने बिरामीमध्ये झन्डै आधा ज्वरोका बिरामी हुने गरेका छन्।

बालबालिका, वयस्क तथा ज्येष्ठ नागरिकमा ज्वरोको समस्या बढी देखिएको स्वास्थ्यकर्मीले बताएका छन्। स्वास्थ्य सेवा कार्यालय सल्यानका निमित्त प्रमुख डा.जगत किरण वलीका अनुसार वर्षात्को मौसमसँगै भाइरल ज्वरो, स्क्रबटाइफस र डेंगुका बिरामी बढेका छन्।

जिल्ला अस्पतालमा दैनिक एक सय ५० देखि दुई सय जनासम्म बिरामी उपचारका लागि आउने गरेकोमा करिब ५० प्रतिशत ज्वरोका बिरामी हुने गरेका छन्। उनका अनुसार अधिकांश बिरामीमा भाइरल ज्वरो देखिएको छ।

सामान्य भाइरल ज्वरो औषधि सेवन, पर्याप्त आराम र स्वास्थ्य सावधानी अपनाएपछि केही दिनमै निको हुने भएकाले धेरैलाई अस्पताल भर्ना गर्नुपरेको छैन। तर स्क्रबटाइफस र डेंगुका कारण गम्भीर अवस्थामा पुगेका बिरामीलाई भने थप उपचारका लागि अन्यत्र रिफर गर्ने गरिएको छ।

कपुरकोट गाउँपालिकाद्वारा सञ्चालित पाँच शय्याको अस्पतालमा पनि बिरामीको चाप बढेको छ। अस्पतालका व्यवस्थापक देवेन्द्र सेनका अनुसार दैनिक करिब ४० जना बिरामी उपचारका लागि आउने गरेका छन्। तीमध्ये करिब ६० प्रतिशतमा ज्वरोको समस्या देखिने गरेको उनले बताए।

दार्मा गाउँपालिकामा भने स्क्रबटाइफससँग मिल्दोजुल्दो लक्षण भएका बिरामीको संख्या बढेको छ। गाउँपालिका स्वास्थ्य शाखा प्रमुख यज्ञबहादुर बस्नेतका अनुसार स्वास्थ्य संस्थामा बिरामीको चाप बढिरहेको छ।

पछिल्लो समय स्क्रबटाइफस वा सोसँग मिल्दोजुल्दो लक्षण देखिएका तीन जनाको मृत्यु भएको उनले बताए। उच्च ज्वरो भएका केही बिरामीलाई थप उपचारका लागि रिफर गरिएको छ। यस्तै, बागचौर नगरपालिकाका स्वास्थ्य अधिकृत हरिबहादुर कठायतले पनि ज्वरोका बिरामी बढेको बताए।

कडा ज्वरो आएका बिरामीको रगत परीक्षण गर्दा केहीमा स्क्रबटाइफस पुष्टि भएको उनको भनाइ छ। स्वास्थ्यकर्मीले वर्षात्को समयमा सरसफाइमा ध्यान दिन, लामो समयसम्म ज्वरो आएमा स्वास्थ्य संस्थामा परीक्षण गराउन र चिकित्सकको सल्लाहबिना औषधि सेवन नगर्न आग्रह गरेका छन्।

जुम्लाको ३० प्रतिशत स्याउ बजारमा निर्यात

❐ काँक्रेविहार संवाददाता
जुम्ला, १९ भदौ

जिल्लाका किसान यतिबेला बगैँचामा स्याउ टिप्न व्यस्त छन्। स्याउमा आवश्यक परिपक्वता र गुलियोपन विकास भएसँगै किसानलाई उत्पादन संकलन गरी बजार पठाउने चटारो बढेको हो।

कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारीका अनुसार जिल्लाका विभिन्न क्षेत्रमा स्याउ टिप्ने काम सुरु भइसकेको छ।

हाल किसानका बगैँचाबाट प्रतिकिलो औसत ९० रुपैयाँमा स्याउ खरिद भइरहेको छ।

स्थानीय व्यापारीले किसानबाट खरिद गरेको स्याउ सुर्खेत, नेपालगन्ज लगायतका बजारमा पठाउने गरेका छन्।

चन्दननाथ नगरपालिका आठका स्याउ व्यापारी लछी भण्डारीले किसानका बगैँचामै पुगेर स्याउ खरिद भइरहेको बताए। उनका अनुसार हालसम्म करिब ९१ क्विन्टल स्याउ खरिद भइसकेको छ भने थप नौ सय कार्टुन स्याउ खरिदका लागि किसानका बगैँचामा पुगिएको छ।



तातोपानी गाउँपालिका छ बाँजारावालामा ५२ किसानले सात हजार एक सय ४० रोपनी क्षेत्रफलमा सामूहिक रूपमा स्याउ खेती गरेका छन्। यस वर्ष करिब छ हजार पाँच सय बिरुवाले फल दिन थालेका छन्।

उक्त बगैँचाबाट मात्रै ३४ देखि ३५ मेट्रिक टन स्याउ उत्पादन हुने र करिब ३० लाख रुपैयाँ बराबरको कारोबार हुने अनुमान गरिएको अधिकारीले बताए। गत वर्षको तुलनामा यस वर्ष जिल्लामा स्याउ उत्पादन केही घट्ने अनुमान गरिएको छ।

यकिन तथ्याङ्क भने संकलनपछि मात्र आउने कार्यालयले जनाएको छ। हालसम्म जिल्लामा उत्पादित करिब ३० प्रतिशत स्याउ बाहिरी जिल्लामा निर्यात भइसकेको छ।

गोल्डेन जातको स्याउ असोजपछि राम्रोसँग पाक्ने भएकाले अहिले मुख्यतः स्थानीय जातको स्याउ बिक्री भइरहेको छ। जुम्लामा जुम्ली, इटाली, गाला, गोल्डेन, फुजी र जोनाप्रिन्स जातका स्याउ खेती हुँदै आएको छ।

जिल्लामा करिब ९२ हजार ८० रोपनीमा स्याउ खेती भइरहेको छ भने चालु आर्थिक वर्षमा थप दुई हजार एक सय ६० रोपनी क्षेत्रमा खेती विस्तार गर्ने योजना रहेको कृषि विकास कार्यालयले जनाएको छ।

हुम्लाको च्याममा एक सातादेखि फोरजी सेवा अवरुद्ध



❐ काँक्रेविहार संवाददाता
हुम्ला, १९ भदौ

अदानचुली गाउँपालिका पाँच च्याममा रहेको नेपाल टेलिकमको फोरजी टावर एक सातादेखि सञ्चालनमा नआउँदा स्थानीयवासी सञ्चार सेवाबाट वञ्चित भएका छन्।

टावर बन्द भएपछि मोबाइल फोन तथा इन्टरनेट सेवा प्रभावित हुँदा दैनिक सञ्चारदेखि आपत्कालीन अवस्थामा समेत समस्या भएको स्थानीयले बताएका छन्।

अदानचुली पाँचका स्थानीय बालबहादुर मल्लका अनुसार टावर लामो समयदेखि बिग्रिएपछि गाउँमा फोन सम्पर्क गर्न र आवश्यक सूचना आदानप्रदान गर्न कठिनाइ भइरहेको छ।

विशेषगरी बिरामी तथा आकस्मिक अवस्थामा आफन्त, स्वास्थ्य संस्था र अन्य निकायसँग सम्पर्क गर्न समस्या हुने गरेको उनले बताए।

स्थानीयवासीले तत्काल टावर मर्मत गरी सञ्चार सेवा नियमित गर्न नेपाल टेलिकमसँग माग गरेका छन्। च्याममा रहेको उक्त टावरले अदानचुली गाउँपालिकाका साथै छिमेकी मुगुको सोरु गाउँपालिका आसपासका क्षेत्रमा समेत मोबाइल तथा इन्टरनेट सेवा उपलब्ध गराउँदै आएको छ।

टावर बन्द हुँदा यसको प्रत्यक्ष असर ठूलो भू-भागका बासिन्दामा परेको छ। नेपाल टेलिकम हुम्लाका सूचना अधिकारी रामबहादुर बोहोराका अनुसार पछिल्लो समय लामो समयसम्म घाम नलाग्दा टावरमा जडान गरिएको सोलार प्रणाली पर्याप्त चार्ज हुन नसकेपछि सेवा सञ्चालनमा समस्या आएको हो।

टावरको अवस्थाबारे केन्द्रीय कार्यालयको प्राविधिक शाखाबाट समेत परीक्षण गराइएको उनले जानकारी दिए। उनका अनुसार सोलारमा पर्याप्त पावर जम्मा नभएकाले टावर सञ्चालन हुन नसकेको हो।

कम्तीमा ४८ घण्टासम्म राम्रोसँग घाम लागेर सोलार प्रणाली चार्ज भए टावर स्वतः सञ्चालनमा आउने प्राविधिक जानकारी प्राप्त भएको बोहोराले बताए। यसैबीच, जिल्ला सदरमुकाम सिमकोटमा समेत सोलारमा पर्याप्त पावर नहुँदा दैनिक छ देखि आठ घण्टासम्म टेलिकम सेवा प्रभावित हुने गरेको नेपाल टेलिकमले जनाएको छ।

हिमाली जिल्लामा सञ्चार सेवा सञ्चालनका लागि सोलार प्रणालीमा निर्भरता रहेकाले मौसम प्रतिकूल हुँदा सेवा प्रभावित हुने समस्या दोहोरिँदै आएको छ।

प्रधानमन्त्री...

कार्यमा सहयोग पुर्याउने उद्देश्यले उक्त रकम राहत कोषमा दाखिला गरिएको विराट ग्रुपका अध्यक्ष प्रा.डा. ज्ञानेन्द्र मानसिंह कार्कीले जानकारी दिए।

कोषमा ग्रुपमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको तर्फबाट एक दिनको तलब सङ्कलन गरिएको थियो।

भक्तपुर : भक्तपुरका दुई वटा विद्यालयले रु नौ लाख पाँच हजार ३०४ राहत सङ्कलन गरेका छन्। रसुवामा गएको बाढी पीडितको राहतका लागि एभरेस्ट इङ्लिस स्कुल र एभरेस्ट भक्तपुर स्कुलले उक्त रकम सङ्कलन गरेका हुन्।

एभरेस्ट इङ्लिस स्कुलबाट रु छ लाख २३ हजार ४४ र एभरेस्ट भक्तपुर स्कुलबाट रु दुई लाख ८२ हजार २६० आज प्रधानमन्त्री राहत कोषमा दाखिला भएको सो विद्यालयका प्रधानाध्यापकले जानकारी दिए।

जनहितमा जारी सन्देश

कृषकको समृद्धि, कृषि क्षेत्रको विकास

- उन्नत तथा गुणस्तरीय बीउबिजनको प्रयोगमा प्रोत्साहन।
- धान, मकै, गहुँ, तरकारी, फलफूल लगायतका बालीको उत्पादन प्रवर्द्धन।
- व्यावसायिक कृषि खेती तथा कृषि उद्यम विकासमा सहयोग।
- किसानलाई आधुनिक कृषि प्रविधि र यान्त्रीकरणसम्बन्धी सेवा।
- रोग तथा कीरा नियन्त्रणसम्बन्धी प्राविधिक परामर्श।
- कृषि समूह तथा सहकारीमार्फत सामूहिक कृषि कार्यक्रम सञ्चालन।
- कृषकको क्षमता विकासका लागि तालिम तथा अभिमुखीकरण।
- फलफूल तथा तरकारी खेती विस्तारमा प्रोत्साहन।
- कृषि उत्पादनको बजारीकरण तथा मूल्य अभिवृद्धिमा सहजीकरण।
- स्थानीयस्तरमा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम।
- युवा तथा महिला कृषकलाई कृषि व्यवसायमा आकर्षित गर्ने पहल।
- कृषिसम्बन्धी जानकारी तथा प्राविधिक परामर्शका लागि कार्यालयमा सम्पर्क गर्न सकिने।

"आधुनिक प्रविधि अपनाऔँ, कृषि उत्पादन बढाऔँ, आत्मनिर्भर बनौँ"

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास कार्यालय
सुर्खेत

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

कोसेली गृह सञ्चालन, स्थानीय उत्पादनको बजारीकरणमा जोड



❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १९ भदौ

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा कर्णालीका रैथाने तथा स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण गर्ने उद्देश्यले 'कोसेली गृह' सञ्चालनमा आएको छ।

वीरेन्द्रनगरको हटियालाइन क्षेत्रमा निर्माण गरिएको कोसेली गृहको शुक्रबार एक कार्यक्रमबीच कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री कल्याणी खड्काले उद्घाटन गरेकी हुन्। उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, कर्णाली प्रदेशले एक करोड २४ लाख रुपैयाँको लागतमा निर्माण गरेको कोसेली गृहमा हाल नौ जनाले रोजगारी पाएका छन्। गृह सञ्चालनबाट प्रदेश सरकारले वार्षिक रूपमा लाखौँ रुपैयाँ भाडा आम्दानीसमेत गर्ने अपेक्षा गरिएको छ। कोसेली गृहमा कर्णालीमा उत्पादन हुने रैथाने खाद्यान्न, स्थानीय कच्चा पदार्थमा आधारित कपडा, जडीबुटी, हस्तकला, ऊनी तथा घरेलु सामग्री, कृषि उपजलगायतका स्थानीय उत्पादन उपलब्ध हुनेछन्। यसले कर्णालीका उत्पादक तथा उद्यमीलाई बजारसँग जोड्दै स्थानीय उत्पादनको प्रवर्द्धन, बजारीकरण र ब्रान्डिङमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

उद्घाटन कार्यक्रममा मन्त्री खड्काले कर्णालीका प्राकृतिक स्रोतसाधन, मौलिक संस्कृति, परम्परागत सीप तथा स्थानीय उत्पादनको उपयोग गर्दै प्रदेशको अर्थतन्त्रमा योगदान पुऱ्याउने गतिविधिमा सरकार अग्रसर रहेको बताइन्। स्थानीय उत्पादनलाई व्यवस्थित रूपमा बजारसम्म पुऱ्याउन कोसेली गृह महत्वपूर्ण पहल भएको उनको भनाइ थियो। मन्त्री खड्काले 'मेक इन कर्णाली' अभियान कर्णालीमा उत्पादन गर्ने, कर्णालीकै उत्पादनलाई चिनाउने तथा स्थानीयस्तरमै रोजगारी र उद्यम सिर्जना गर्ने अभियान भएको बताइन्। स्थानीय उत्पादनको गुणस्तर वृद्धि, प्याकेजिङ, ब्रान्डिङ, उचित मूल्य र बजार पहुँच सुनिश्चित गर्न यस्ता कार्यक्रमले उत्पादक, उद्यमी र उपभोक्ताबीचको सम्बन्ध बलियो बनाउने उनको भनाइ थियो।

प्रदेश सरकारले कोसेली गृहलाई कर्णालीका उत्पादनलाई प्रदेशभित्र मात्र नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने आधारका रूपमा विकास गर्ने लक्ष्य लिएको छ।

'कर्णालीमा उत्पादन गरौँ, कर्णालीको उत्पादन प्रयोग गरौँ' भन्ने अवधारणासहित सञ्चालनमा आएको कोसेली गृहले स्थानीय उत्पादनको उपभोग बढाउँदै आत्मनिर्भर तथा समृद्ध कर्णाली निर्माणमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। त्यस्तै कार्यक्रममा बोल्दै उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयका प्रमुख मुकुन्दनाथ योगीले कोशेली घरको योजना धेरै पहिलेदेखि प्रयास गरिएको भए पनि यसले बल्ल पूर्णता पाएको बताए। उनले साना उद्योग तथा व्यापारले व्यक्तिगत जीवनको आर्थिक स्तर मात्र नउकास्ने भन्दै विदेशिने युवा जनशक्तिलाई देशमै रोक्न र कर्णालीका स्थानीय उत्पादनहरूको प्रवर्द्धन गर्न कार्यालयले सघैँ प्रयास जारी राख्ने प्रतिबद्धता व्यक्त गरे।

बालबालिकाको स्वास्थ्य जाँच गर्न खर्कमै पुगे स्वास्थ्यकर्मी

❐ **काँक्रेविहार संवाददाता**
डोल्पा, १९ भदौ

त्रिपुरासुन्दरी नगरपालिका दुई रसि गाउँका बालबालिकालाई स्वास्थ्यकर्मीले खर्कमै पुगेर स्वास्थ्य सेवा दिएका छन्।

गाउँका अधिकांश परिवार वर्षायाममा बालबालिका र परिवारसहित लेख-खर्कमा बस्न थालेपछि स्वास्थ्यकर्मीले सेवाग्राहीको अवस्थालाई ध्यानमा राख्दै खर्कमै पुगेर सेवा दिएका हुन्।

स्वास्थ्य संस्थासम्म पुग्न स्थानीयलाई कठिनाइ हुने भएकाले स्वास्थ्यकर्मी मनसरी थापाले वर्षात्को झरीको समेत प्रवाह नगरी खर्कमा पुगेर बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्था जाँच गरेकी हुन्। उनले बालबालिकाको वृद्धि अनुगमन, पोषणसम्बन्धी लेखाजोखा तथा आवश्यक स्वास्थ्य परामर्श र सेवा प्रदान गरेकी छन्।

गाउँमा भन्दा खर्क क्षेत्रमा स्थानीयको बसोबास बढेपछि बालबालिकाको स्वास्थ्य सेवा प्रभावित नहोस् भन्ने उद्देश्यले स्वास्थ्यकर्मीले घरदैलोमै पुगेर सेवा दिएको बताइएको छ। दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा पुऱ्याउन स्वास्थ्यकर्मीको सक्रियतालेमहत्वपूर्ण भूमिका खेल्ने स्थानीयको भनाइ छ।



त्रिपुरासुन्दरी नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख तुलबहादुर श्रेष्ठले स्वास्थ्य सेवा लिन सेवाग्राही मात्र स्वास्थ्य संस्थामा पुग्नुपर्ने नभई आवश्यकता र परिस्थितिअनुसार स्वास्थ्यकर्मी पनि समुदायमा पुग्नुपर्ने बताए। उनले इच्छाशक्ति र सेवाभाव भए स्वास्थ्य सेवा जुनसुकै स्थानमा पुगेर प्रदान गर्न सकिने भन्दै स्वास्थ्यकर्मी मनसरी थापाको पहल उदाहरणीय रहेको बताए।

खर्कमै पुगेर बालबालिकाको स्वास्थ्य र पोषण अवस्थाबारे जानकारी लिई सेवा प्रदान गरेकोमा उनले थापालाई धन्यवादसमेत दिएका छन्। दुर्गम बस्ती तथा अस्थायी बसोबास भएका क्षेत्रमा समेत नियमित स्वास्थ्य सेवा विस्तार गर्न यस्ता घरदैलो कार्यक्रम प्रभावकारी हुने स्वास्थ्य शाखाले जनाएको छ।

सुरूङमा...

सुरक्षाकर्मीको टोलीले सुरुङबाट शव निकालेको हो। त्रिशूली-३ 'ए' मा बाढीपछि ४२ जना सम्पर्कविहीन रहेकोमा दुई जनाको उद्धार र एक जनाको शव फेला परेसँगै अझै ३९ जना सम्पर्कविहीन छन्।

माथिल्लो त्रिशूली-१ मा पनि खोजी

२१६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली-१ आयोजनामा समेत खोजी जारी छ। नेपाली सेनाको टोलीले एक्सेस टनेलबाट रबर बोट प्रयोग गरी करिब २०० मिटरसम्म प्रवेश गरेपछि बन्द भाग फेला पारेको थियो। सोही क्रममा एक शव फेला परेको छ। अडिट टनेल-३ मा करिब १.८ किलोमिटरसम्म पुगेर खोजी गरिएको छ। टनेलका कतिपय भागमा तीनदेखि चार मिटरसम्म दलदल जमेकाले खोजी प्रभावित भएको छ।

आयोजनाका अनुसार ५५७ जना श्रमिक तथा कर्मचारी अझै सम्पर्कविहीन छन्। बाढी आउनुअघि आयोजनामा १ हजार ४३३ जना कार्यरत थिए। खोज तथा उद्धारमा नेपाली सेना, सशस्त्र प्रहरी, विदेशी विशेषज्ञ, शेर्पा तथा ड्रोन टोलीसँगै विशेष क्यामरा र तालिमप्राप्त कुकुरसमेत परिचालन गरिएको छ।

चिलिमे र रसुवागढीमा पनि अवस्था उस्तै

२० मेगावाट क्षमताको चिलिमे जलविद्युत् आयोजनामा पनि नेपाली तथा विदेशी विशेषज्ञसहितको टोलीले खोजी गरिरहेको छ। सुरुङभित्र करिब १०० मिटर प्रवेश गरे पनि कतिपय भाग पूर्णरूपमा बन्द भएकाले थप अघि बढ्न कठिन भएको छ। नदीमा बालुवा, हिलो र लेदो थुप्रिँदा पानीको सतहसमेत बढेको आयोजनाले जनाएको छ। चिलिमेमा ६ जना सम्पर्कविहीन छन्। त्यस्तै १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजनामा ९३ जना सम्पर्कविहीन रहेको जनाइएको छ। भूमिगत विद्युत्गृहमा फसेकाहरूको उद्धारका लागि पहुँच नै मुख्य समस्या बनेको छ। नदीमा पानीको सतह बढ्नु, जमिन कटान भइरहनु तथा हेलिकोप्टर अवतरणका लागि सुरक्षित स्थान नहुनुले उद्धार थप जटिल बनेको हो।

बाढीको दशौँ दिनसम्म पनि कतिपय आयोजनामा उद्धार टोली सुरुङको भित्री भागसम्म पुग्न सकेको छैन। कतै शव भेटिएका छन्, कतै सुरुङ लेदो र ढुंगाले पुरिएका छन् भने कतिपय स्थानमा पहुँचमार्गसमेत पुनर्निर्माण गर्नुपर्ने अवस्था छ।

यस्तो कठिन परिस्थितिका बीच २१६ घण्टापछि दुई कर्मचारीको जीवित उद्धारले भने हराइरहेकाहरूको खोजीमा आशा जगाएको छ। अब उद्धार टोलीका लागि चुनौती केवल बेपत्ताको अवस्था पत्ता लगाउनु मात्र होइन, जोखिमपूर्ण सुरुङ र ध्वस्त संरचनाभित्र सुरक्षित रूपमा प्रवेश गरी सम्भावित जीवित व्यक्तिलाई तत्काल बाहिर निकाल्नु पनि बनेको छ।

जनहितमा जारी सन्देश

दिगो पूर्वाधार निर्माण, समृद्धिको बलियो आधार

पूर्वाधार विकास कार्यालय, सल्यानले जिल्लामा आवश्यक भौतिक पूर्वाधारको विकास, विस्तार, स्तरोन्नति तथा संरक्षणका लागि विभिन्न आयोजना तथा कार्यक्रम सञ्चालन गर्दै आएको छ। सुरक्षित, गुणस्तरीय र दिगो पूर्वाधार निर्माणमार्फत नागरिकको दैनिक जीवन सहज बनाउनु कार्यालयको प्रमुख उद्देश्य हो।

- कार्यालयका प्रमुख कार्यहरू
- सडक मर्मत तथा संरक्षण
- सडक सञ्जाल विस्तार
- योजनाको प्राविधिक अध्ययन
- निर्माण व्यवसायीसँग समन्वय
- स्थानीय तहसँग समन्वय
- सडक सुरक्षामा प्राथमिकता
- सेवाग्राहीका लागि जानकारी
- सडक निर्माण तथा स्तरोन्नति
- पुल तथा कल्भर्ट निर्माण
- गुणस्तरीय निर्माणमा जोड
- आयोजना अनुगमन तथा निरीक्षण
- उपभोक्ता समितिसँग सहकार्य
- सार्वजनिक संरचनाको विकास
- दिगो विकासमा जोड

पूर्वाधार विकाससँग सम्बन्धित योजना, कार्यक्रम, प्राविधिक विषय तथा निर्माण कार्यसम्बन्धी जानकारीका लागि सम्बन्धित निकाय वा पूर्वाधार विकास कार्यालय, सल्यान मा सम्पर्क गर्न सकिन्छ।

गुणस्तरीय निर्माण, पारदर्शी कार्यान्वयन र प्रभावकारी अनुगमनमार्फत नागरिकमैत्री पूर्वाधार निर्माणमा कार्यालय प्रतिबद्ध छ।

कर्णाली प्रदेश सरकार
भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय
पूर्वाधार विकास कार्यालय
सल्यान





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)